## एक्जाभेटर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९

पुर्वीचौकी गाउँपालिकाभित्र कार्यालयमा रहेका एक्जाभेटरको मितव्ययी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, रेखदेख तथा व्यवस्थापन गर्न तथा उक्त उपकरणहरु स:शुल्क भाडामा वा अन्य प्रयोजनका लागि उपलब्ध गराउन कार्यविधी बनाई लागु गर्न बाञ्छनीय देखिएकाले,

पुर्वीचौकी गाउँपालिका क्षेत्रको समग्र भौतिक पुर्वाधार विकास लगायत छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्लाहरुमा समेत निर्माण हुने भौतिक पुर्वाधारका कार्यहरुमा सशुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको एक्जाभेटर सञ्चालन तथा व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रहि सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरि पुर्वीचौकी गाउँपालिकाको बैठकबाट यो कार्यविधी तर्जुमा गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१)यस कार्यविधीको नाम " एक्जाभेटर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९" रहेको छ।

(२) यो कार्यविधी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२.परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधीमा

(क)"ऐन"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्झनुपर्दछ।

(ख) "नियमावली" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनुपर्दछ।

(ग) "गाउँपालिका" भन्नाले पुर्वीचौकी गाउँपालिका सम्झनुपर्दछ।सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत सम्झनुपर्दछ।

(घ) "गाउँसभा" भन्नाले पुर्वीचौकी गाउँ कार्यपालिकाको गाउँसभालाई सम्झनुपर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले पुर्वीचौकी गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्दछ।

(च) "उपाध्यक्ष" भन्नाले पुर्वीचौकी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्दछ।

(छ) "गाउँ कार्यपालिका" भन्नाले पुर्वीचौकी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पुर्वीचौकी गाउँपालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ।

(झ) "ईन्जिनियर" भन्नाले भन्नाले पुर्वीचौकी गाउँपालिकाका ईन्जिनियरलाई सम्झनुपर्दछ।सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको ईन्जिनियरलाई समेत जनाउँदछ।

(ञ) "कार्यालय" भन्नाले पुर्वीचौकी गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(ट) "प्रयोगकर्ता" भन्नाले यान्त्रिक उपकरण सञ्चालनका लागि लिई जाने सँघ,सँस्था,व्यक्ति वा सरकारी निकाय सम्झनुपर्दछ।

(ठ) "भाडा" भन्नाले यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दररेट हुन आउने रकमलाई सम्झनुपर्दछ।

CamScanner

(ङ) "बिल" भन्नाले यान्त्रिक उपकरणहरु सञ्चालन गरेको अपरेसन लगसीटको आधारमा कार्यालयले भाडा बापतको रकम राजश्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल बिललाई सम्झनुपर्दछ।

(ढ) "अपरेटर" भन्नाले यान्त्रिक उपकरण सञ्चालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनुपर्दछ।

३.उद्देश्य:-

पुर्वीचौकी गाउँपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकास कार्यक्रमहरु, स्थानीय गाउँपालिकावासी, संघसंस्था, नेपाल सरकारद्धारा सञ्चालित विकास आयोजनाहरु, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरु तथा छिमेकी गाउँपालिका, नगरपालिकाहरुका विकास कार्यक्रमहरुमा समेत माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा उपकरण सञ्चालन विधीमा एकरुपता र सरलता ल्याउनु यो कार्यविधीको प्रमुख उद्धेश्य रहेको छ।

४. सञ्चालन विधी:-

(१) कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई यान्त्रिक उपकरणहरु खाली रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरि सञ्चालक समितिको सिफारिसमा गाउँ कार्यपालिकाले तोके बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन सकिनेछ।

(२) कुनै पनि व्यक्ति, संघसंस्थालाई आवश्यक परेको उपकरण प्रयोगमा ल्याउनका लागि देहायका प्रक्रिया पुरा भएपश्चात मात्र उक्त उपकरण उपलब्ध गराईनेछ।

(१) व्यक्ति वा संस्थाबाट प्रयोगका लागि माग गरिएको अवधीको लागि कार्यालयले उपलब्ध गराउनसक्ने अवस्था भएमा अनसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) माग निवेदन उपर कार्यालयबाट उपलब्ध गराउने निर्णय भएपश्चात तोकिएको भाडादर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधीको लागि लाग्ने भाडा रकम अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै बुझाई वा गाउँपालिकाले तोकेको बैंक खातामा बुझाई सो को रसिद कार्यालयमा बुझाई अनुसुची २ मा तोकिएको शर्तनामा अनुसार अनुसुची-३ बमोजिमको मेशिन चलान सम्झौता फाराम भरि करार सम्झौता गर्नुपर्नेछ।

(३) निवेदकले माग गरेको समयभन्दा बढि समयसम्म कामकाज गर्नु गराउनुपर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरि थप कायदिश लिएर थप सममयको रकम अग्रिम जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नुपर्नेछ।

(४) मेशिन प्रयोग गरेवाफत प्रतिघण्टा, प्रतिदिनको शुल्क निर्धारण अनुसुची ४ मा तोकिए बमोजिम हुनेछ।

(५) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्मपन्न गरि पुन: कार्यालयमा फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरि लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनुपर्नेछ।

CamScanner

(६) मेशिन खटि गएको स्थानमा काम सम्पन्न गरि कार्यालयमा फिर्ता भएपश्चात मेशिन अपरेटरले कामकि विवरण सहित मिटरको अद्यावधीक अभिलेख अनुसुची ५ बमोजिमको फाराममा भरि कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

(७) गाउँपालिकाले आवश्यकता र औचित्यको आधारमा निश्चित समयसम्म कार्य गर्न मेशिन सोझै उपलब्ध गराउनसक्नेछ। उक्त कामको विवरण समेत अनुसुची ६ बमोजिम अभिलेखवद्ध गर्नुपर्नेछ।

(८) मेशिन प्रयोग गरि तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुनआउने रकम कावु वाहिरको परिस्थिति बाहेक माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गर्नुपर्नेछ।

**५. ईन्धन तथा मर्मत सम्बन्धी व्यवस्था:**

(९) मेशिन अपरेटरले ईन्धन तथा लुब्रिकेण्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्विकृत गराएर मात्र भर्नुपर्नेछ। ईन्धन तथा लुब्रिकेण्ट खपतको अद्यावधिक विवरण मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिसमा कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(१०) ईन्धन तथा लुब्रिकेण्ट र मर्मत सम्बन्धी सम्पुर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक गरि राखिनेछ।

(११) मेशिन बिग्रिएमा विग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनुपर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरि स्वीकृत भएपश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ।

(१२) मर्मत सम्भारको कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा ईन्जिनियर वा जिन्सी शाखाको प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ।

**६. सञ्चालन शुल्क:**

कुनै व्यक्ति वा सँघ सँस्थावाट यान्त्रिक उपकरण माग भई आएमा अनुसुची ४ बमोजिमको शुल्क नगदै वा तोकिएको बैक खातामा अग्रिम बुझाउनुपर्नेछ।

**७. कर्मचारी व्यवस्था:**

(१३) एक्जाभेटर सञ्चालनका लागि १ जना अपरेटर र आवश्यक परेमा सहयोगी १ जना कानुन बमोजिम करार सेवामा नियुक्त गरिनेछ।

(१४) करारमा नियुक्त कर्मचारीको सेवासुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**८. सञ्चालन तथा व्यवस्थापन समिति:**

CS CamScanner

गाउँ कार्यपालिका यान्त्रिक उपकरणहरुको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपसिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | -सँयोजक |
| अध्यक्षले तोकेको दुई जना सदस्य | -सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| ईन्जिनियर | -सदस्य |
| आर्थिक प्रशासन शाखा | -सदस्य |
| जिन्सी शाखा प्रमुख | -सदस्य |

९. यसै बमोजिम मानिने:

(१) यस कार्यविधीमा जारी हुनुभन्दा पहिले भएका काम कारवाहीहरु यसै कार्यविधीमा बमोजिम भएको मानिनेछ। वक्यौता वा हिसाबकिताब गर्न बाँकी रहेको भए यस कार्यविधीभन्दा न्युन हुने गरि हिसाव मिलान गर्न पाईनेछैन।

१०. विविध

(१५) गाउँपालिकामा रहेका सवारीसाधन तथा एक्जाभेटर कार्यालय प्रमुखको पुर्ण नियन्त्रणमा रहनेछन। सवारीसाधन तथा यान्त्रिक उपकरणहरु चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारी र कर्मचारी सबैको दायित्व हुनेछ।

(१६) एक्जाभेटर माईल मिटर आधारभुत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालकको हुनेछ।

(१७) उपकरण फिल्डमा खटाउने वा नखटाउने सिफारिस चालक/अपरेटर र ईन्जिनियरको हुनेछ।

(१८) यस कार्यविधीमा समयानुकुल आवश्यक सँशोधन वा थपघट गर्नुपर्ने भएमा सञ्चालन तथा व्यवस्थापन समितिको राय बमोजिम गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्नसक्नेछ।

(१९) गाउँपालिकाले आफ्नो मेशिन आफ्नै तेल प्रयोग गरि सडकको स्तरोन्नति गर्ने कार्य गर्नसक्नेछ।

अनुसुची -१

मिति:

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु
पुर्वीचौकी गाउँपालिकाको कार्यालय
सानागाउँ डोटी

विषय:- एक्जाभेटर उपलब्ध गराईदिन हुन।

उपर्युक्त विषयमा ............................गाउँपालिका वडा नं ........स्थायी ठेगाना भएको म र हामी..............लाई..............कार्यको लागि तहाँ कार्यालयको..............भाडामा लिनुपर्ने भएकाले ..............घण्टा दिन र ट्रिपर ....महिनाको लागि तहाँ कार्यालयको नियमानुसार उक्त निर्माण सामग्री एक्जाभेटर भाडामा उपलब्ध गराईदिन हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु र छौं।

<u>सँलग्न कागजात</u>

१.
२.
३.
४.
५.

निवेदक

| क्र. स. | नामथर | ठेगाना | नागरिकता नं | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

अनुसुची २

शर्तहरु

पुर्वीचौकी गाउँपालिकामा रहेको हेभि इक्वीपमेन्ट लगायतका यान्त्रिक उपकरण भाडामा लिने दिने दुवै पक्षले देहाय बमोजिमको शर्तनामाहरु पालना गर्नुपर्नेछ।

शर्तहरु

१.यान्त्रिक उपकरणहरुको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना प्रयोग गर्न पाइनेछैन।

२. यान्त्रिक उपकरण प्रयोगका बख चालक, सहचालक तथा दोस्रो पक्षले उपकरणको मिटर तथा सम अभिलेखबद्ध गरि दुरूस्त राख्नपर्नेछ।

३. इक्वीपमेन्ट प्रयोग गर्दा चालक तथा सहचालक गाउँ कार्यपालिकाले तोकेको व्यक्ति मात्रै प्रयो गर्नुपर्नेछ।

४. यान्त्रिक उपकरण भाडामा पठाएको बख साईडमा बिग्रिएमा नासिएमा भाडामा लिने पक्ष जिम्मेवार हुनेछ

५. प्राकृतिक प्रकोप वा अन्य दुर्घटनाबाट यान्त्रिक उपकरण क्षति भएमा तेस्रो पक्ष बिमा तथा अ कानुनहरुमा भएको व्यवस्था बमोजिम हुनेछ।

६. गाउँपालिकामा रहेका सवारीसाधन तथा यान्त्रिक उपकरणहरु कार्यालय प्रमुखको पुर्ण नियन्त्रण रहनेछन।सवारीसाधन तथा यान्त्रिक उपकरणहरु चुस्त दुरूस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारी कर्मचारी सबैको दायितव्व हुनेछ।

७. यान्त्रिक उपकरणको माईल मिटर आधारभुत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालक हुनेछ।

८. उपकरण फिल्डमा खटाउने वा नखटाउने सिफारिस चालक अपरेटर र ईन्जिनियरको हुनेछ।

CamScanner

अनुसुची ३

**सम्झौतापत्र**

पुर्वीचौकी गाउँपालिका(यसपछि पहिलो पक्ष भनिने) र..........जिल्ला.............................. ..............................गाउँपालिका/नगरपालिका वडा नं....स्थायी ठेगाना भएका श्री. ..... ....................(यसपछि दोस्रो पक्ष भनीने) बीच मिति..................... गतेका दिन पुर्वीचौकी गाउँपालिकाको ............भाडामा लिनका लागि देहायका शर्तका अधीनमा रहि पहिलो पक्षले दोस्रो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरि एक एक प्रति आपसमा बुझि लियौ दियौ।

९.यो सम्झौता मिति.............................देखि .............. सम्म लागु हुनेछ।आपसी सम्झौता र आवश्यकता बमोजिम सम्झौता अवधी थप हुनसक्नेछ।

१०. सम्झौता लागु भएको मितिदेखि पहिलो पक्षले दोस्रो पक्षलाई ................ उपकरण मिति.........देखि.........सम्म.........अवधीका लागि उपलब्ध गराउनुपर्नेछ।

११. पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको सेवा वापत एकमुष्ठ पाउने रकम रु......।(अक्षरेपी........................................) हुनेछ।उक्त रकममा थपघट हुनेछैन।

१२. सेवा सम्बन्धी प्रचलित कानुनमा व्यवस्था भएका आचरण सम्बन्धी कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र सेवा करार निर्देशिका,२०५९ मा व्यवस्था भए अनुसारका आचरण सम्बन्धी कुराहरु दुवै पक्षले पालना गर्नुपर्नेछ।

१३. ईन्धन वाफतको रकम................का दरले चालकको भत्ता............पक्षले नै व्यहोर्नुपर्नेछ।

१४. भुक्तानीका लागिः सम्झौता अनुसार रकम अग्रिम दोस्रो पक्षले न्युनतम ५० प्रतिशत गाउँपालिकाको वैक खातामा वा नगद जम्मा गर्नुपर्नेछ।

१५. रु.१००००।(दशहजार)सम्मको मर्मत सम्भार" " पक्षले र सो भन्दा माथिको मर्मत सम्भार खर्च.................................... पक्षले व्यहोर्नेछ।

१६. सम्झौता अनुसारको रकम तोकिएको अवधीभित्र भुक्तानी नभएमा सम्झौता अनुसारको रकम असुल उपर गरी थप सम्झौता रकमको ५० प्रतिशतसम्म थप जरिवाना लाग्नेछ।

१७. यसमा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन।

१८. अन्य केहि भए खुलाउनेः

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामथरः | नामथरः |
| पदः | पदः |
| कार्यालयः | सँस्था फर्म कम्पनीको नामः |
| **साक्षीहरु**<br>१.<br>२.<br>३. | |

इति सम्वत साल महिना गते रोज शुभम्.........................................।

अनुसुची ४

यान्त्रिक उपकरण भाडामा दिनु लिनु परेको खण्डमा भाडादर तथा कर्मचारीको भत्ता एक्जाभेटर (१५ दिनभन्दा लामो अवधीका लागि)

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामथरः | नामथरः |
| पदः | पदः |
| कार्यालयः | सँस्था फर्म कम्पनीको नामः |
| साक्षीहरु<br>१.<br>२.<br>३. | |

इति सम्बत साल महिना गते रोज शुभम्.........................................।

अनुसुची- ५

यान्त्रिक उपकरण भाडामा दिनु लिनु परेको खण्डमा भाडादर तथा कर्मचारीको भत्ता एक्जाभेटर दिनभन्दा लामो अवधीका लागि)

| अपरेटर र ईन्धन बाहेक | | | | |
|---|---|---|---|---|
| क्र.स. | कामको प्रकार | भाडादर | | कैफियत |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |
| अपरेटर सहित ईन्धन बाहेक | | | | |
| ३ | गाउँपालिकको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | | | |
| ४ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |
| अपरेटर र ईन्धन बाहेक | | | | |
| ५ | गाउँपालिकको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |

क.(१) १५ दिनभन्दा कम अवधीका लागि

| अपरेटर र ईन्धन बाहेक | | | | |
|---|---|---|---|---|
| क.स. | कामको प्रकार | भाडादर | | कैफियत |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |
| | अपरेटर सहित ईन्धन बाहेक | | | |
| ३ | गाउँपालिकको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | | | |
| ४ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |
| | अपरेटर र ईन्धन बाहेक | | | |
| ५ | गाउँपालिकको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | | | |
| ६ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | | | |

ख.(२) एक्जाभेटर अपरेटर तथा सहायकको भत्तादरः

| क.स. | पद | भत्ता (प्रति घण्टा) | कैफियत |
|---|---|---|---|
| १ | एक्जाभेटर लोडर अपरेटर | | |
| २ | एक्जाभेटर सहायक | | |

## अनुसुची ६

| क.स. | कामको विवरण | मिति | मेशिन चलेको अवधी | | मिटर रेकर्ड | | कि. मी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | शुरु | अन्तिम | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

अनुसुची ७

कार्यालयको निर्णयानुसार विशेष परिस्थितिको कार्यका लागि कार्यालयबाट छुटेदेखि कार्य क्षेत्रबाट फर्कदासम्म एक्जाभेटर चलेको मिटर बुक

| क.स. | कामको विवरण | मिति | मेशिन चलेको अवधी | | मिटर रेकर्ड | | कि. मी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | शुरु | अन्तिम | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |